# हाम्रा बहुसांस्कृतिक ग्राहकहरुका लागि Services Australia को सहयोग

के तपाईंलाई थाह छ कि तपाईंलाई आफ्नै भाषामा हामीलाई सम्पर्क गर्न सहयोग गर्न **Services Australia** मा सेवा र सहायताहरु उपलब्ध रहेका छन् भनेर?

Centrelink भुक्तानी र सेवाहरुबारे कसैसंग आफ्नै भाषामा कुरा गर्न **131 202** मा फोन गर्नुहोस्, र हाम्रा बहुभाषी फोन कर्मीहरुले तपाईंका प्रश्नहरुको जवाफ दिन सक्नेछन्।

यदि तपाईंको प्रश्न Medicare वा Child Support बारे हो भने, Translating and Interpreting Service, TIS National लाई **131 450** मा फोन गर्नुहोस्।

यी दुबै फोन लाइनहरु सोमबार देखि शुक्रबार, बिहानको ८ बजे देखि बेलुकाको ५ बजेसम्म उपलब्ध रहन्छन्।

तपाईंले हाम्रा सेवा केन्द्रहरुमा जाँदा उल्थाकारको माग गर्न सक्नुहुन्छ। खालि हाम्रा कर्मचारीलाई बताउनुहोस् र उनीहरुले तपाईंको लागि एक उल्थाकारको नि:शुल्क बन्दोबस्त गर्नेछन्। यदि तपाईंलाई कुनै भुक्तानीका लागि दाबि गर्न वा सेवा पाउन केहि कागजपत्रहरुको उल्था गराउनुपर्ने छ भने, हामी त्यसको पनि नि:शुल्क बन्दोबस्त गर्न सक्दछौं। केवल तपाईं आउनुहुँदा वा फोन गर्दा हामीलाई बताउनुहोस्।

हाम्रा Multicultural Service Officers हरुले आप्रवासी र शरणार्थीहरुलाई हाम्रा जानकारी, भुक्तानी र सेवाहरुसंग जोड्न सहयोग गर्दछन्। उनीहरुले सामुदायिक समूह र सहायक संस्थाहरुसंग काम गर्दै मानिसहरुलाई हाम्रा सेवाहरुको प्रयोग गर्न सहयोग गर्दछन्।

हाम्रा भुक्तानी र सेवाहरुबारे ६५ भन्दा बढी भाषाहरुमा रहेका जानकारीहरु पढ्न, हेर्न वा सुन्नका लागि **servicesaustralia/your language** मा जानुहोस्।

# Services Australia support for our multicultural customers

Do you know Services Australia has services and support to help you connect with us in your language?

To speak to someone in your language about Centrelink payments and services call **131 202,** and our multilingual phone staff can answer your questions.

If your enquiry is about Medicare or Child Support, call the Translating and Interpreting Service, TIS National, on **131 450.**

Both these phone lines are available Monday to Friday, from 8 am to 5 pm.

You can also ask for an interpreter when you visit our service centres. Just let our staff know and they will arrange one for free.  If you need documents translated to help you claim a payment or service, we can also arrange it for free. Just let us know when you visit or call.

Our Multicultural Service Officers help connect migrants and refugees to our information, payments and services. They also work with community groups and support organisations to help people access our services.

Go to **servicesaustralia/your language** where you can read, watch or listen to information about our payments and services in over 65 languages.